प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सेवा करारमा व्यक्ति छनौट कार्यविधि २०७८ तेश्रो संशोधन, २०७९)

| क्र.सं. | हालको अवस्था | सम्शोधनको प्रस्ताव | सम्शोधनको कारण |
|---|---|---|---|
| १. | | मुल कार्यविधिको दफा ६ पछि देहायको ६क. थप गरिएको छ ।<br>**६क. सेवा करार व्यक्ति छनोट विशेष व्यवस्थाः**<br>दफा ५ र ६ बमोजिम भएको छनोट प्रतिष्पर्धामा वैकल्पिक सूचीबाट समेत<br><br>सेवा लिन नसकीएमा, प्रशिक्षकको अभावमा पठन पाठन प्रभावित हुन गएमा परिषद्का सदस्य सचिवको स्वीकृतीमा शिक्षालय संचालन सम्बन्धी विनियमावली २०४९ बमोजिमको शिक्षालय व्यवस्थापन समितिले देहायमा उल्लेखित आधारमा सेवा करारमा व्यक्ति छनोट गर्नेछ ।<br>(क) यस दफा बमोजिम सेवा करारमा व्यक्ति छनोट गर्दा प्राविधिक व्यक्ति छनोट हुने छ ।<br>(ख) LMBIS मा उल्लेख भई बजेट निकासा भएको हुनु पर्नेछ ।<br>(ग) विषय विज्ञ र जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी समितिको सदस्य रहनेछ ।<br>(घ) ७ (सात) दिनको सार्वजनिक सूचना परिषद् केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र सम्वन्धित शिक्षालयको Web Site मा र जिल्ला प्रशासन कार्यालय र सम्वन्धित शिक्षालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।<br>(ङ) २० पूर्णाकको अन्तरवार्ता र प्रशिक्षार्थीलाई प्रशिक्षण गराएको कक्षा अवलोकनका आधारमा ५० पूर्णाक ((उर्त्तिणाङ्क २०) को प्राप्तांङ्कको योगफलका आधारमा समितिले सफल उम्मेदवार र वैकल्पीक उम्मेदवार सिफारिस गर्नेछ ।<br>(च) यस कार्यविधि बमोजिम नियुक्ती पाएका व्यक्तिहरुको विवरण अनिवार्यरुपमा परिषद् कार्यालय प्रशासन महाशाखामा १५ दिन भित्र पठाउनु पर्नेछ । | शिक्षालयमा पठनपाठान गर्न असह पस्थिती उत्पन्न भएक शैक्षिक सत्रको बीचमा तुरुन्त सेवा करारमा व्यक्ति छनोटका लागि |
| २. | | ११. मुल कार्यविधिको दफा ११ को उपदफा ४ पछि देहायको उपदफा ५ थप गरिएको छ ।<br>(५) सरुवा व्यवस्थापनः<br>क. सेवा करारमा नियुक्त व्यक्तिको अन्यत्र सरुवा हुनेछैन । तर परिषद् कार्यालयले नसिहत स्वरुप अन्तिम पटकका लागि अन्य कार्यालयमा काम काज गर्न खटाउन सक्नेछ ।<br>ख. सेवा करारमा कार्यरत व्यक्तिको पदमा स्थायी नियुक्ति लिई कर्मचारी हाजिर हुन आएको खण्डमा कार्यरत सेवा करारको व्यक्तिलाई सम्भव भएसम्म अन्य शिक्षालहरुमा कामकाजका लागि खटाइनेछ । | |